म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९७ बुधबार, २० फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 4 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तनाव व्यवस्थापनका तरिका**

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।
- तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### मकवानपुरमा मतदान केन्द्र तयार

## सबै मतदान केन्द्रमा सुरक्षा निकाय परिचालन

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुर जिल्लाका मतदान केन्द्र तयार पार्ने काम तीव्रगतिमा भइरहेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट खटिएका कर्मचारीले कार्यस्थल व्यवस्थापन र बुथ निर्माण गरिरहेका छन् । मतदान केन्द्रको सुरक्षाका लागि खटिएका प्रहरीको सहयोगमा केन्द्र तयार पारिएका हुन् । सबै मतदान केन्द्रमा महिला र पुरुषका लागि छुट्टाछुट्टै प्रवेशद्वार बनाइएको छ । भुटनदेवी माध्यमिक विद्यालय मतदान केन्द्रकी सहायक मतदान अधिकृत शिक्षा विष्टले भनिन्, 'हामी महिला, पुरुष र ज्येष्ठनागरिकका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गर्दैछौं । बुधबार सम्म मतदानस्थल निर्माणको कार्य सम्पन्न गरी बिहीबार निर्वाचनका लागि तयारी अवस्थामा रहनेछौं ।'



भुटनदेवी माध्यमिक विद्यालयमा मात्र ९ वटा मतदान केन्द्र रहेका छन् । मकवानपुरका सबै मतदान केन्द्रमा कर्मचारी र निर्वाचन सामग्री पुगिसकेका छन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार दुई निर्वाचन क्षेत्र रहेको मकवानपुर मा एक लाख ५३ हजार ३७६ महिला र एक लाख ६१ हजार ९५३ पुरुष गरी कुल तीन लाख १५ हजार ३३४ मतदाता रहेका छन् । जिल्लाभर १६७ मतदानस्थल तथा ३७४ मतदान केन्द्र निर्धारण गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुर र भीमफेदी कारागारमा अस्थायी मतदान केन्द्र तोकिएको प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए ।

मनहरी गाउँपालिका-मसिनेस्थित पशुपतिनाथ मावि मतदानस्थलमा मतदान शान्तिपूर्ण रुपमा सम्पन्न गर्न वडाको सर्वदलीय बैठक सम्पन्न गरिएको वडाअध्यक्ष प्रकाश थापाले बताए । पशुपतिनाथ माविमा रहेको तीनवटै मतदान केन्द्रमा खटिएका निर्वाचन कर्मचारीले आवश्यक तयारी गरिरहेको थापाले बताएका छन् । सोमबार मतदानस्थलको चारकिल्ला निर्धारण गरी आवश्यक सूचना प्रकाशन गरिएको थियो । सर्वदलीय बैठकले दलका बुथ प्रतिनिधि चयन गर्ने, मतदान कार्यका लागि स्वयम्सेवक चयन गर्न शिफारिस गर्नेलगायतका सबै कार्य सौहाद्रपूर्ण रुपमा सम्पन्न भएको मतदान हधिकृत ध्रुबप्रसाद घोरासाइनीले जानकारी दिएका छन् ।

मकवानपुरमा राजनीतिक दल तथा स्वतन्त्र गरी ४४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सबै मतदान केन्द्रमा सुरक्षा निकाय परिचालन भइसकेको छ । निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने लक्ष्यसहित तयारी गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । निर्वाचनमा दुई हजार २४४ कर्मचारी खटिने छन् । जिल्लामा अति संवेदनशील, संवेदनशील र मतदान केन्द्र सामान्यरुपमा वर्गीकरण गरी सुरक्षा व्यवस्था गरिएको छ । मकवानपुरका १९ मतदानस्थललाई अति संवेदनशील सूचिमा राखिएको छ ।

सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा परेका हुन् । जिल्लाभर रहेका कुल १ सय ६७ मतदान स्थलमध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरीप्रवक्ता पुष्कर बोगटीकाअनुसार अतिसंवेदनशील सूचीमा परेका मतदानस्थलमा २६ मतदान केन्द्र रहेका छन् । सबैभन्दा धेरै बकैया गाउँपालिकामा ५ मतदानस्थल र ७ मतदान केन्द्र अतिसंवेदनशील रहेका छन् ।

राक्सिराङ गाउँपालिकामा ६ मतदानस्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा ५ मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र, मनहरी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा १ मतदानस्थल र १ मतदान केन्द्र अतिसंवेदनशील मानिएको छ । जिल्लामा ६० मतदानस्थल र १ सय २३ मतदान केन्द्र संवेदनशील सूचीमा राखिएका छन् ।

संवेदनशील मतदानस्थलमा हेटौडा उपमहानगरको ७ मतदानस्थल र ३१ मतदान केन्द्र, थाहा नगरको ९ मतदानस्थल र १७ मतदान केन्द्र, राक्सिराङ गाउँपालिकाको १३ मतदानस्थल र १७ मतदान केन्द्र, बकैया गाउँपालिकाका ८ मतदानस्थल र १५ मतदान केन्द्र तथा बागमती गाउँपालिकाको ७ मतदानस्थल र १७ मतदान केन्द्र रहेका छन् । त्यसैगरी, मकवानपुरगढी गाउँपालिकाको ४ मतदानस्थल र ७ मतदान केन्द्र, इन्द्रसरोवर गाउँपालिकाको २ मतदानस्थल र २ मतदान केन्द्र, भीमफेदी गाउँपालिकाको ४ मतदानस्थल र ४ मतदान केन्द्र, कैलाश गाउँपालिकाको ३ मतदानस्थल र ५ मतदान केन्द्र तथा मनहरी गाउँपालिकाको ३ मतदानस्थल र ८ मतदान केन्द्र संवेदनशील सूचीमा परेका छन् ।

## मौनअवधिमा सामाजिक सञ्जालको निगरानी बढाइयो




साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/यही फागुन २१ गते हुने निर्वाचनका लागि सोमबार रातिदेखि मौनअवधि सुरु भएको छ । निर्वाचन आयोगले यो अवधिमा आचारसंहिता अनुगमन अधिकृतलाई थप निर्देशन दिएको छ ।

आयोगले मंगलबारदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो । निर्वाचन आचारसंहिता कार्यान्वयन सुनिश्चित गर्न सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखानियन्त्रक कार्यालयका प्रमुखलाई फरकफरक जिम्मेवारी सहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । निर्वाचन आचारसंहितामा समावेश भएका व्यवस्थाअनुसार सोमबार रातीदेखि फागुन २१ गतेसम्म आचार संहिताले तोकेका सबै पक्षले पालना गर्नुपर्ने आचरणको प्रभावकारी परि पालनाको अनुगमन गर्न आयोगले निर्देश गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणका सम्बन्धमा आयोगले स्मरण गराएको छ । मतदानको दिन पालना गर्नुपर्ने आचरण परि पालनाको सम्बन्धमा अनुगमन गरी यो व्यवस्थाको कार्यान्वयनलाई प्रभावकारी बनाउन आफ्नो जिल्लाभित्र सुक्ष्म अनुगमन गर्न निर्देश गरिएको हो । निर्वाचन आचारसंहिता तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ विपरीतकाकार्य गरेको पाइएमा सोही ऐनको अधिनमा रही जिल्ला आचारसंहिता अनुगमन समितिसमेतको सहकार्यमा प्रभावकारी कार्यान्वयन गर्न गराउन निर्देशन गरिएको छ ।

सोहीबमोजिम प्रचार प्रसार निषेधअवधिमा प्रचलित कानुन र निर्वाचन आचारसंहिताबमोजिम गर्न नहुने भनी तोकिएका कार्य नगर्न र गराउन आयोगले अनुरोध गरेको छ । यसैबीच, मौनअवधि सुरु भएसँगै निर्वाचन आयोगले सामाजिक सञ्जालमा हुने गतिविधिको निगरानी बढाएको छ । यसपटक चुनावको प्रचारको समयदेखि नै सामाजिक सञ्जालको निगरानी र आचारसंहिता विपरीत भएमा कारबाहीलाई तीव्र बनाएको आयोगले मौनअवधिमा सामाजिक सञ्जालको निगरानी बढाएको हो ।

अघिल्ला चुनावमा मौनअवधिका बेला भोजभतेर तथा पैसाको लेनदेन, दबाव जस्ता गतिविधि बढी निगरानीमा पर्ने गरेकामा यसपटक सामाजिक सञ्जालको दुरुपयोग सबैभन्दा मुख्य विषय बनेको छ । कार्यवाहक प्रमुखआयुक्त रामप्रसाद भण्डारी अन्तिमसमयमा उम्मेदवारले विभिन्न हल्ला पनि चलाउन सक्ने, शुभेच्छुक र शुभचिन्तकले त्यस्ता सामग्रीको दुरुपयोग गर्ने सम्भावना धेरै रहेकोले त्यसतर्फ निगरानी बढाएको बताएका छन् ।

यदि त्यस्तो दुरुपयोग भएको पाइएमा उम्मेदवार र सामाजिक सञ्जालको दुरुपयोग गर्ने व्यक्ति पनि सजायको भागिदार हुनुपर्ने उनको चेतावनी छ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा दुईजनाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा परी मकवानपुरमा दुईजनाको मृत्यु भएको छ । हेटौंडा-१०, बाइपासमोडमा स्कूटर र हात्तीगाडी ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा स्कुटर चालक हेटौंडा-५, शान्तिनगरका क्षीतिज रायमाझी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले जानकारी दिएका छन् । सोमबार वाईपास सडकखण्डमा बसपार्कबाट पशुपतिनगर तर्फ जाँदै गरेको बा प्र ०३-००६ प २७१२ नम्बरको स्कुटर र बिपरीत दिशाबाट आउँदै गरेको ना ४ च ६०५३ नम्बरको हात्तीगाडी आपसमा ठोक्किएर दुर्घटना हुँदा घाइते भएका रायमाझीको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो ।

प्रहरीले हात्तीगाडी र चालक बारा जिल्लाको अमलेखगन्जका २० वर्षीय शेरचन बललाई नियन्त्रणमा लिएको छ । स्कुटर पछाडि सवार हेटौंडा-७ का १९ वर्षीय संगम झा घाइते भएका छन् । झाको हात खुट्टामा चोट लागेको छ । झाको सन्चो अस्पताल उपचार भइरहेको छ । त्यसैगरी गत बिहिबार दुर्घटनामा परी घाइते भएका एक निर्वाचन प्रहरीको पनि मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-८, कर्रापुलनजिक योद्धा पिकअप गाडीले ठक्कर दिँदा घाइते भएका निर्वाचन प्रहरी रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका-७ का २४ वर्षीय पवन साहको उपचारको क्रममा सोमबार मृत्यु भएको हो ।

साह हेटौंडा-८ स्थित इलाका प्रहरी कार्यालय पशुपतिनगरमा कार्यरत थिए । रौतहटबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ च १५६५ नम्बरको पिकअपले ठक्कर दिँदा निर्वाचन प्रहरी साह गम्भीर घाइते भएका थिए । साहको उपचारको क्रममा चितवनस्थित पुरानो मेडिकल कलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पिकअप गाडी र चालक रौतहटको चन्द्रपुर नगर पालिका-८ का २५ वर्षीय अर्जुन चौधरी प्रहरीको नियन्त्रणमा रहेको बताइएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# शान्तिपूर्ण होली

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले होलीपर्वका बेला अत्यावश्यक बाहेक अन्य काममा सवारीसाधन नचलाउन, घर वा कम्पाउण्ड भित्र मात्र होली खेल्न, बजारमा डीजे नबजाउन, पानीको फोहरा नफाल्न आग्रह गरेका थिए । होली तथा आगामी निर्वाचनका लागि अपनाइएको सुरक्षा व्यवस्थाबारे जानकारी दिँदै यस्तो आग्रह गरेका प्रजिअ अधिकारीले सवारी चलाउनै परेमा ट्राफिक नियमको पूर्णपालना गर्नुपर्नेमा जोड दिएका थिए । विशेषगरी, होली खेल्नकै लागि सवारीसाधन चलाउन रोक लगाइएको थियो । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको संघारमा होली परेकाले शान्तिसुरक्षामा कुनै असर नपुगोस् भन्ने उद्देश्यले यसवर्ष होलीपर्वमा कडाइ गरिएको हो । विगतका वर्षभैंmm खुल्लमखुल्ला होली नखेल्न प्रशासनको आग्रहलाई होलीप्रेमीले खुरुक्क मानिदिए । जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सार्वजनिकस्थलमा होली कार्यक्रम गर्न रोक लगाइएको थियो । होलीको समयमा मदिराका कारण झगडा र दुर्घटना बढ्ने हुनाले यसलाई नियन्त्रण गर्न प्रहरी परिचालन गरिएको थियो । सार्वजनिकस्थानमा ठुलो आवाजमा डिजे बजाउन, पानीका फोहोरा फाल्न र ठुलो समूहमा जम्मा भएर होहल्ला गर्न रोक लगाइयो । गतवर्षमा हेटौंडाको संगमचोक, बुद्धचोक, सीमाचोक, हुप्राचौरलगायतका स्थानमा हुने भिडभाड यसपटक पूर्णरुपमा नियन्त्रण भयो । निर्वाचनको पूर्वतयारीस्वरुप फागुन १४ गतेदेखि नै मदिरा बिक्रीवितरणमा रोक लगाइएको थियो ।

मदिरा बिक्रीवितरण तथा सेवनमा लगाइएको प्रतिबन्ध सबैले पालना गरे । सबै नागरिकको सहयोग रहेमा मात्रै निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न हुने भएकाले तोकिएका नियम पालना गर्न सबै पक्षलाई प्रशासनले आग्रह गरेको थियो । जिल्ला प्रशासन कार्यालय मकवानपुरले फागुन १४ र १५ गते सूचना जारी गर्दै निर्वाचन आचारसंहिता पालना गर्दै मर्यादितरुपमा होलीपर्व मनाउन आग्रह गरेको थियो । फागुपूर्णिमा अर्थात रंङ्हरुको पर्व होली मनाइयो । होलीपर्वको अवसरमा सरकारले क्षेत्र अनुसार फरकफरक दिन सार्वजनिक बिदा दिएको थियो । फागुन शुक्लअष्टमीका दिन काठमाडौंको चीर ठड्याइपछि देशभर यो पर्व सुरु भएको मानिन्छ । स्थानअनुसार मनाइने होलीको नाम पनि फरकफरक छ । हिमाली र पहाडीभेगमा खासगरी ‘फागुपूर्णिमा’ र तराईमधेशमा ‘होली’ भनिन्छ । मैथिली भाषामा भने होलीलाई ‘फगुआ’ र ‘होरी’ भन्ने गरिन्छ । तराईमधेशका अधिकांशक्षेत्रमा पूर्णिमाको भोलिपल्ट होलीपर्व मनाइने चलन भएपनि प्राचीन मिथिलाको राजधानी जनकपुधाममा अन्तर गृह परिक्रमा सकेको भोलिपल्ट होलीपर्व मनाइने गरिएको छ । सबैलाई एउटै रंगमा रंगाउने होलीपर्व समानता र सद्भावको प्रेरणा स्रोत रहिआएको छ । एकताको सन्देश दिँदै यसपर्वले सबैको मनमा उमङ्ग एवं उत्साहको सञ्चार गर्दै आएको छ । असत्यमाथि सत्यको, छलमाथि निष्छलताको र अधर्ममाथि धर्मको विजयको प्रतीकको रुपमा होलीपर्व मनाउने गरिन्छ । होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्त ऋतुमा फागुनको महिनामा मनाइन्छ । होलीको दिन मानिसले एक अर्कामाथि विभिन्न प्रकारका रंग हालेर एक अर्कालाई रङ्गिन बनाउछन् । होलीपर्व मनाउनुको कारण र इतिहास छ । होली खेल्ने दिन भन्दा एकदिन पहिला राती होलीका दहन गरिन्छ ।

राती होलीका दहन गरिसकेपछि बिहान पानीमा रंग घोलेर एक अर्कामाथि फाल्ने चलन छ । भनिन्छ कि होलीको दिन पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एकअर्कासित मिल्छन् । यसपर्वलाई फागुन महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ । होलीपर्व घरपरिवार साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहर सम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरुका हूल तथा जत्था हातमा रङ र रङ्गीन घोलपदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गकासाथ मनाइने रङ्गीन पर्वको रुपमा लिइन्छ । मिथिला संस्कृतिमा हरेक पूर्णिमाको दिन जनकपुरलगायत देवालयमा विशेष मेला लाग्ने गर्छ । धार्मिक ग्रन्थहरुमा फागुपूर्णिमा एकदिन मात्रै मनाउने उल्लेख भएपनि यो सबैले स्वीकारेको निर्विवाद संस्कृतिको रुपमा विकास भइसकेको छ । हिन्दू धर्मअन्तर्गत् मनाइने हरेक चाडपर्वका बारेमा निर्णय गर्ने निर्णयसिन्धुले पनि होलीलाई एकदिने पर्वको रुपमा उल्लेख गरेको छ । यो ग्रन्थको ३०८ औं पृष्ठमा पूर्णिमाको दिन फागुपूर्णिमा मनाउने चलन रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २१ गते बिहीबार ५ मार्च २०२६ । द्वितीया चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२७ सूर्यास्त ६:०६ । प्रतिनिधि सभा निर्वाचन, २०८२

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# विविध अनुभवका धरोहर ज्येष्ठ नागरिक



✍ निशा चौधरी

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधता भरिएको सुन्दर समाज हो । यही समाजको एक अभिन्न अंगका रुपमा रहेका ज्येष्ठ नागरिक हाम्रो इतिहास, सभ्यता संस्कार र पहिचानका मूल जरा हुन् । उनीहरुले दशकौँसम्म परिवार, समाज र राष्ट्रका लागि श्रम, समय र ज्ञान दिएका छन् । आज उनीहरु उमेर बुढ्यौली अवस्थामा पुगे पनि सम्मान, सहयोग र सुरक्षा पाउनयोग्य पात्र हुन् । त्यसैले ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व भन्ने कुरा कानुनी वा सामाजिक कर्तव्य मात्र होइन, नैतिक मूल्यको पनि मूल आधार स्तम्भ हो ।

ज्येष्ठ नागरिक जीवनको अनुभव, संघर्षको कथा र ज्ञानका साझा भण्डार हुन् । उनीहरुले समाज निर्माणमा आफ्नो बलिदान, परिश्रम र समर्पणबाट योगदान दिएका हुन्छन् । उनीहरुका अनुभव नयाँ पुस्ताका लागि मार्गदर्शक बन्न सक्छन् । तर विडम्बना ! आजको बदलिँदो सामाजिक संरचनामा धेरैजसो ज्येष्ठ नागरिक शारीरिक, मानसिक, आर्थिक, सामाजिक तथा भावनात्मक चुनौतीहरुसँग जुधिरहेका छन् । आफ्नै परिवारबाट अपहेलित, बेवास्ता र उपेक्षा भोग्न बाध्य छन् । आफ्नै घरपरिवारभित्र भावनात्मक दूरीको सिकार भइरहेका छन् । आधुनिक जीवनशैली, विदेशप्रतिको आकर्षण, शहर-बजारप्रतिको मोह, सानो परिवारको अवधारणा, मोबाइल, प्रविधि र कामको व्यस्तताका कारण परिवारले समय दिन छोडेका छन् । अहिलेको पुस्तामा अभिभावकलाई सुन्ने, सम्मान गर्ने र सुझाव लिनेजस्ता व्यवहारमा कमी आउँदै जान थालेको छ । संयुक्त परिवार विघटन भई एकल परिवार बढ्दै जाँदा बूढाबूढी एक्लोपन र परित्यागमा परिरहेका छन् ।

आर्थिक निर्भरता र असुरक्षा पनि ज्येष्ठ नागरिकले भोग्नुपरिरहेको छ । उमेर बढ्दै गएपछि काम गर्ने क्षमता कम हुन्छ, जसले गर्दा उनीहरु आर्थिक रुपमा परिवारमा निर्भर बन्न्न बाध्य हुन्छन् र उनीहरु परिवारको बोझको रुपमा जीवन बिताउन बाध्य छन् । आर्थिक क्षमताको कमीले उनीहरुलाई परिवारले भारको रुपमा हेर्ने सोच पनि बढ्दै गएको छ । आफ्नो खर्चका लागि अरुको मुख ताक्नुपर्दा आतमसम्मानमा चोट पुगेर अपहेलित महसुस हुनुपरेको छ । समाजका धेरै गतिविधि र निर्णय प्रक्रियामा युवा पुस्तालाई प्राथमिकता दिइन्छ तर ज्येष्ठ नागरिकसँग सुझाव वा अनुभव मागिँदैन । त्यसैले सामाजिक मेलमिलापमा कमी आएपछि आफूलाई अलग्गिएको र गौण बनेको महसुस ज्येष्ठ नागरिकले गर्दै आएका छन् । कतिपय ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याप्रति पनि बेवास्ता हुँदै आइरहेको छ । बुढ्यौलीमा स्वास्थ्य समस्या सामान्य कुरा भए पनि नियमित चेकजाँच, औषधि, पोषण र हेरचाहमा कमी देखिन्छ । कतिपय परिवारमा उनीहरुको रोगलाई सामान्य मानी गम्भीर रुपमा नलिने प्रवृत्ति छ । यति मात्र होइन, स्वास्थ्य संस्थामा ज्येष्ठ नागरि कमैत्री सेवा अभावले धेरै दु:ख खेप्नुपरेको छ ।

आधुनिक जीवनशैली र सांस्कृतिक परिवर्तनले पनि ज्येष्ठ नागरिकको मूल्यलाई घटाएको छ । शहरमा बढ्दो आधुनिक जीवनशैलीले ज्येष्ठ नागरिकको अनुभवभन्दा प्रविधिलाई बढी प्राथमिकता दिन थालिएको छ । पारिवारिक विवाद वा सम्बन्धमा कमजोरीका कारण घरमा ज्येष्ठ नागरिकलाई हेरचाह गर्ने कोही नहुँदा उनीहरुलाई बोझ वा जिम्मेवारीको रुपमा गर्ने गलत प्रवृत्तिका कारण कतिपय ज्येष्ठ नागरिकहरु वृद्धाश्रममा बस्न बाध्य छन् । ज्येष्ठ नागरिक अधिकार र संरक्षणको कानुनी व्यवस्था भए पनि धेरैलाई अधिकारबारे जानकारी नहुँदा, परिवारले बेवास्ता गर्दा कानुनी सहायता तथा वृद्ध भत्ताजस्ता सुविधाबाट समेत वञ्चित छन् ।

ज्येष्ठ नागरिक कुनै पनि समाजको अनुभव, ज्ञान र जीवन यात्राका धनी पात्र हुन् । त्यसैले हरेक परिवारले ज्येष्ठ नागरिकलाई प्रेम र समय दिनुपर्छ । उनीहरुको स्वास्थ्य, दैनिक आवश्यकताहरु र भावनात्मक अवस्थालाई बुझ्नुपर्छ । कहिलेकाहीं उनीहरुलाई केवल केही मिनेटको कुराकानी, साथ र सान्त्वनाले पनि ठूलो खुशी मिल्छ । उनीहरुको निर्णयलाई सम्मान गर्नु, घरका काममा आवश्यक सहयोग गर्नु र जीवनका कठिनाइमा साथ दिनु परिवारको प्रथम कर्तव्य हो । समाजले ज्येष्ठ नागरिकलाई समर्थन गर्ने वातावरण निर्माण गर्नुपर्छ । सार्वजनिक यातायातमा प्राथमिकता, अस्पतालमा सुविधा, सामाजिक कार्यक्रमहरुमा सहभागिता, मनोपरामर्श सेवा र मनोरञ्जनका अवसरहरु उपलब्ध गराउनुपर्छ । स्थानीय तहले ज्येष्ठ नागरिक परिचयपत्रका आधारमा सेवा-सुविधा सहज बनाउन, घर-घरमै स्वास्थ्य सेवा दिन र सामाजिक सुरक्षा भत्ता समयमै वितरण गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्छ । राज्यले ज्येष्ठ नागरिकको हक-अधिकारलाई कानुनी संरक्षण प्रदान गर्नुपर्छ । समाजमा बढ्दै गएको आर्थिक हिंसा, बेवास्ता, सम्पत्तिमाथि दुरुपयोग, भावनात्मक शोषणजस्ता समस्यालाई रोक्न कडा कानुन र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । साथै स्वास्थ्य बिमा, उपचार खर्चमा छुट, नि:शुल्क स्वास्थ्य जाँच, सुरक्षित बासस्थान, मनोवैज्ञानिक सहयोग, अपाङ्गता सेवाजस्ता सुविधाहरु सहजरुपमा विस्तार गर्न आवश्यक छ । हामीले ज्येष्ठ नागरिकलाई एक्लोपनबाट बचाउन प्रयास गर्नुपर्छ । उमेर बढ्दै जाँदा साथीभाइ हराउँदै जान्छन् । छोराछोरी, नातिनातिना आ-आफ्नै काममा व्यस्त हुन्छन् । जसले गर्दा ज्येष्ठ नागरिकको जीवन साँघुरिँदै जान थाल्छ । एक्लोपनले सताउन थाल्छ । यस अवस्थामा घर-परिवारसँगै बस्ने, रमाइला गतिविधि गराउने, पुराना सम्झनाहरु बाँड्न लगाउने तथा सामाजिक कार्यक्रमहरुमा सहभागी गराएर आफ्नो अमूल्य विचार व्यक्त गर्न लगाउने गर्नुपर्छ । उनीहरूलाई तपाई परिवारको लागि आवश्यक र अनिवार्य सदस्य हो भन्ने अनुभूति गराइदिनु नै सबैभन्दा ठूलो कर्तव्य हो ।

येष्ठ नागरिक पूर्वज, मार्गदर्शक र राष्ट्रका निष्ठावान् योगदानकर्ता हुन् । उनीहरुप्रति कर्तव्य निभाउनु भनेको हाम्रो संस्कार, हाम्रो नैतिकता र मानवीयता हो । उनीहरुको सम्मान, हेरचाह, स्वास्थ्य, सुरक्षा र मनोबल जोगाउनु प्रत्येक परिवार र समाजको दायित्व हो । ज्येष्ठ नागरिकको बाचा, सिकाइ र कामले नै आजको समाज सम्भव भएको हो । त्यसैले उनीहरुको सम्मान सुरक्षा गर्नु केवल दायित्व मात्र होइन, कृतज्ञताको पनि अभिव्यक्ति हो । हामीले आज उनीहरुको हेरचाह गर्‍यौं भने भोलि हाम्रो पुस्ताले पनि हामीलाई यस्तै माया र प्रेम दिनेछन् । ज्येष्ठ नागरिकप्रति दायित्व पूरा गुर्न नै सभ्य समाजको चिनारी हो र हाम्रो भविष्यप्रति गरिएको लगानी पनि हो ।

ज्येष्ठ नागरिक हाम्रो इतिहासका साक्षी, संस्कारका संवाहक र समाज निर्माणका बलिया आधारस्तम्भ हुन् । आज हामी जुन समाजमा उभिएका छौं, त्यसको जग उनीहरूको परिश्रम, त्याग र अनुभवबाट सिञ्चिएको हो । बदलिँदो सामाजिक संरचना, आधुनिक जीवनशैली र व्यस्तताले गर्दा आज उनीहरू सम्मानभन्दा उपेक्षा, साथभन्दा एक्लोपन र अधिकारभन्दा बेवास्ताको सिकार बन्न बाध्य छन् । ज्येष्ठ नागरिकप्रति दायित्व निर्वाह गर्नु कानुनी औपचारिकता मात्र होइन, हाम्रो नैतिकता, मानवीयता र कृतज्ञताको जीवन्त अभिव्यक्ति हो । उनीहरुलाई परिवारले प्रेम, समय र सहानुभूति दिनुपर्छ, समाजले सहभागिता र सम्मानको वातावरण बनाउनुपर्छ भने राज्यले चाहिँ अधिकार, सुरक्षा र सुविधा सुनिश्चित गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई सम्मान र संरक्षण गर्नु भनेको आफ्नै संस्कार जोगाउनु, आफ्नै भविष्य सुरक्षित गर्नु र सभ्य समाजको पहिचान कायम गर्नु हो । आज हामीले उनीहरूलाई साथ दिँदा भोलि हाम्रो पुस्ताले पनि हामीलाई त्यही माया र सम्मान फर्काउनेछ भन्ने तथ्यलाई सबैले मनन गर्न जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# हीनताबोधको जगमा उभिएको महामानवता : इरान, इजरायलदेखि नेपालसम्म

✍ दोभान राई



इजरायल र अमेरिकाले इरानमाथि गरेको आक्रमण र त्यसले निम्त्याएको युद्ध विश्वमञ्चमा भइरहेको नाटकीय घटनाक्रमको शृंखलाको पछिल्लो असंगत अध्याय हो । यो अवास्तविक लाग्छ, तर अपेक्षित पनि ।

नैतिकताको तर्कबा ट हेर्दा यो अर्थहीन देखिन्छ, तथापि, शक्तिको हताश नाच र कुण्ठाको विष्फोटको अनुक्रमको आधारमा यो अपरिहार्य झैं देखिन्छ । अतिवादी पात्र र अतिरञ्जित परिघटनाहरुको अविरल झैं लाग्ने लहर- विचित्र लाग्दा लाग्दै अजीब तरिकाले परिचित पनि लाग्छ -मानौ ती हामीभित्रैका सुसुप्त चेतका अँध्यारा छायाहरु हुन्, प्राचीन चेतावनीहरूका प्रकटीकरण हुन् ।

मानव सभ्यताको एक विशेष कालखण्डमा छौं हामी । विश्व व्यवस्था र सामाजिक विघटनको तरल स्थितिमा, पर्यावरणीय विनाश, आर्थिक अनिश्चितता र प्रविधिको तीव्रताले रन्थनिएको मानवसमुदायको ठूलो हिस्सा हतास मनोवृत्तिको भूमरीमा छ । हाम्रो सूचना र भावनाको मण्डल - डर र आत्म-संशय, क्रोध र उन्मादले एकदम धुलित, अध्यारो भएको छ ।

यस्तो समयलाई हामीले कसरी बुझ्ने ? हामी कसरी संवाद गर्ने ? भविष्यका सम्भावनाहरूप्रति उत्तरदायी हुँदै हामी कसरी जिम्मेवार भएर बोल्ने ? तथ्य र प्रामाणिकताको जगमा टेकेरै अनिश्चिततालाई कसरी आकलन गर्ने, अदृश्य तर निर्णायक छायाहरूलाई कसरी व्याख्या गर्ने ? विगतको वैभवको धङधडीमा अल्झिएर सन्तुलन गुमाएको इरान र वर्तमानको प्रभुता गुम्दै गएर आत्तिएको अराजक अमेरिकासँगै, तेस्रो पात्र इजरायल मानव सभ्यताको रंगमञ्चमा एउटा प्रतीकात्मक पहेली हो ।

अविराम पीडा, युद्ध, अन्याय र आघातको घट्टमा निर्माण भएको इजरायल आजको दिनमा एउटा चेतावनीको बिम्ब हो: कि कसरी पीडित मनोवृतिले पीडकको उग्र रूप लिन्छ ।

‘द इजरायली माइन्ड’ मा एलोन ग्राचले यो सामूहिक मनोविज्ञानको वर्णन गरेका छन् । इजरायलीमा यहुदीहरुको ऐतिहासिक असहायताका अप्रिय अनुभवले लाज र हीनताबोधको आघात गहिरोसँग गाडिएको छ र त्यो लाज र हिनताबोधको छाया, अहमता र आत्मलीनतामा प्रकट हुन्छ ।

हुन त आघातले समानुभूति र विनम्रता पनि पैदा गर्न सक्छ, जुन कुरा हामी धेरै यहूदी विचारक र अभियन्ता र इजरायली नागरिकहरूको केहि हिस्सामा देख्छौं, तर राज्यका रूपमा इजरायलले आधिपत्यवादी वर्चस्वको बाटोमा गएको छ, अनियन्त्रित शक्तिउन्मादको उग्ररुप धारण गरेको छ - जस्को जरामा लाज र हिनतावोधको छाया छ ।

इजरायलको आक्रमण भन्दा ठिक अघि, भारतीय प्रधानमन्त्री मोदीले इजरायलको भ्रमण गरेका थिए, जसले धेरै अड्कलबाजीहरू निम्त्यायो । औपनिवेशिकताविरोधी नैतिक धरातलका कारण ऐतिहासिक रूपमा प्यालेस्टाइनको पक्षधर रहेको भारत, हाल मोदीको नेतृत्वमा इजरायलप्रति बिछट्टै आकृष्ट भएको छ ।

भारतले भर्खरै ‘एआई इम्प्याक्ट समिट’, अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो जहाँ म पनि सहभागी हुन गएको थिए । “सर्वजन हिताय, सार्वजन सुखाय- सबैको लागि कल्याण, सबैको लागि खुशी” को नारामा आयोजित यो सम्मेलन ‘भारत मण्डपम’ मा आयोजना गरिएको थियो, जहाँ ‘वसुधैव कुटुम्बकम्’ (विश्व एक परिवार हो) को संदेश रहेका अनुपम कलाकृतिहरू थिए ।

आफूलाई ‘विश्वगुरु’ भनेर ब्रान्डिङ गर्न खोजिरहेको भारतमा मानवता र लोकतन्त्रको संदेशका ऐतिहासिक ज्ञान र अनुभवका भण्डार छन्। तर आजको मोदी नेतृत्वको हिन्दुत्व-वादी भारत सरकार यहि मूल्यको प्रतिपक्षमा छ ।

भारतलाई हिन्दू धर्मको भूमि ठान्ने एउटा ठूलो तप्का भारतको इतिहासमा इस्लामिक साम्राज्य र बेलायती उपनिवेशद्वारा दमित हुनुपरेको लज्जा र हीनताबोधबाट ग्रसित बन्यो । त्यही हीनताबोधको जगमा ‘हिन्दुत्व’ को जन्म भयो । यो ‘हिन्दुत्वको उन्माद’ अल्पसंख्यकहरू माथि क्रूरता र हिंसाको रूपमा प्रकट हुन्छ ।

भारतीय मिडिया र डिजिटल दुनियाँभरि सर्वोच्चताको मिथकले भरिएको यो हिन्दुत्वले भारतलाई भद्रगोल र अक्षमताको ओरालोमा धकेलिरहेको छ । त्यो भद्रगोल र अक्षमता हालैको ‘एआई इम्प्याक्ट समिट’ मा छताछुल्ल भयो । प्रविधि र नवप्रवर्तनलाई केन्द्रमा राख्नुपर्ने त्यो सम्मेलन, मोदीको छवि-निर्माण र ‘भीआईपी संस्कृति’ को बोझले थिचिएर अस्तव्यस्त बन्यो ।

शहरभरि एआई सम्मेलनका पर्चाहरू जताततै थिए, र हरेक पर्चामा मोदीको तस्वीर थियो । अभिभावकत्व लिनुपर्ने नेतृत्व नै यसरी बालोचित आत्मलीनतामा हराएको टिठलाग्दो स्थिति देखेर म दिक्क हुँदै फर्किएँ ।

नेपालमा राजनीतिक दलहरूले चुनावी घोषणापत्र सार्वजनिक गरेका रहेछन् । र रास्वपाको चुनावी घोषणापत्रको कभरको केन्द्रमा रवि र बालेनका तस्वीर देखें । झन्डा र चिहृनहरू पर्याप्त नभएर ती दुई पुरुष अनुहार हरूलाई नै प्रतीक बनाउन पर्ने स्थिति किन आयो, कुन मनोवृत्तिले आयो र यसले प्रतीकात्मक रूपमा के संकेत गर्न खोजेको हो ?

प्रतिक र संकेतहरू केलाउनुपर्ने माहौल छ। प्रतिक र संकेतहरूमै शक्ति संघर्ष हुँदैछ । यो शक्ति संघर्षमा अब्बल हुँदै उदाएका छन् रास्वपा र यस दलले भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरेका बालेन, एक व्यक्तिको रूपमा, उनको बारेमा धेरै अड्कलबाजी र प्रक्षेपणहरू भइरहेका छन् । स्वयम् उनी र उनको टिमले उनको छवि र व्यक्तित्वलाई नै राजनीतिक अभियानको मुख्य आकर्षण बनाएका छन् ।

काठमाडौंको मेयर भएदेखि नै विवादास्पद रहेका उनीबारे विभिन्न रिपोर्टिङ र सर्वेक्षणहरूले उनलाई भावी प्रधानमन्त्रीको रूपमा प्रक्षेपण गरिरहेका छन् । त्यसैले, उनको वास्तविकताबारे बुझ्नु आम नागरिकको चासो को विषय बनेको छ ।

एक नागरिकको हैसियतले मैले बालेनलाई जसरी देखेको छु र उनमा जे प्रवृत्तिहरू पाएको छु, त्यसले ममा सकारात्मक भावनाभन्दा बढी चिन्ता जगाएको छ । कतै यो मेरो पूर्वाग्रह त होइन भनेर मैले गहिरिएर बुझ्न खोजें, तर बुझ्ने क्रममा झन् भयावह कुराहरू पाए ।

भारतका मोदीजस्तै बालेनमा पनि सर्वव्यापी भएर सबैतिर छाउने महत्वाकांक्षा देखिन्छ, तर उनी आफ्नो छविलाई पूर्ण रूपमा नियन्त्रणमा राख्न चाहन्छन् । दोहोरो संवादलाई बहिष्कार नै गरेझैँ त्यसबाट तर्किने उनीहरूको चरित्रले मुख्यतया दुईवटा कुरा झल्काउँछ । पहिलो, उनीहरूमा लोकतान्त्रिक मूल्य र नागरिक संवादप्रति आस्था न्यून छ र दोस्रो, बाहिर जतिसुकै बलवान् छवि देखाउन खोजे पनि भित्रभित्रै यसले कायरता र कमजोरीको संकेत गर्छ ।

बालेनले ‘महामानव’ जस्तो जुन शक्तिको तेवर र दम्भ प्रदर्शन गर्छन्, त्यसको वास्तविक स्रोत के हो ? के यो लोककल्याणप्रतिको दूरदर्शिता र प्रतिबद्धतामा आधारित छ ? वा कतै यो गहिरो हीनताबोधको जगमा पलाएको ‘भ्रामक महामानवता’ (Delusional Grandiosity) मात्र त होइन ? उनका असंगतिहरू, भड्किला अभिव्यक्तिहरू, निर्धाहरूमाथि गरिने क्रूरता र जवाफदेहिताको शून्यता हेर्दा म उनमा कुनै अडिलो अभिभावकको भूमिका होइन, बरू शक्ति प्रदर्शनका लागि खडा गरिएको एउटा कृत्रिम सतही छवि मात्र देख्छु ।

रास्वपा, जसले चुनाव जितेर नयाँ सरकार बनाउने प्रक्षेपण गरिएको छ, उनीहरूका समर्थकहरूले आशा गरेझैं कुनै ‘तिलस्मी आर्थिक क्रान्ति’ हुने सम्भावना म एकदमै न्यून देख्छु । नवउदारवादी विश्व आर्थिक व्यवस्था नै ध्वस्त हुँदै गइरहेको छ । जब यस व्यवस्थाका नाइके मानिने अमेरिका र युरोप नै ओरालो लाग्दै छन् भने, यही व्यवस्थाको पिँधमा आश्रित हामीलाई नवउदारवादी नीतिले कसरी समाधान दिन सक्छ?

आर्थिक न्यायको माग गर्ने हक हरेक नागरिकलाई छ र यो पूरा गर्नु सरकारको दायित्व हो। तर, यसका लागि इमानदार प्रतिबद्धता, गहिरो मन्थन र साधना चाहिन्छ। सामाजिक सञ्जालमा टाँस्ने सतही सामग्रीले मात्र पुग्दैन, समस्याको जराबाटै नयाँ परिकल्पना आवश्यक छ । अस्थिरताबाट आजित नेपाली जनता स्थिरताको तिर्सनामा छन्। तर, घोषणापत्रको कभरमा अटाइनटाई टाँसिएका दुई पात्रहरूको अहम-व्यवस्थापनमै पार्टीको धेरै रचनात्मक ऊर्जा खर्च हुने म देख्छु।

रास्वपाले आफ्नै बलबुतामा स्थिरता दिन सक्ने म देख्दिनँ। बरु, मलाई ‘अर्को खालको’ स्थिरताको डर छ- लोकतन्त्रलाई नै बन्धक बनाएर ‘टेको’ लगाइएको कृत्रिम स्थिरता । हीनताबोधमा आधारित राष्ट्रवाद र भ्रामक महामानवताको जगमा टेकेर बनेको ओली सरकारले निम्त्याएको विध्वंस हामीले हालैको जेन्जी आन्दोलनमा देख्यौं। हाम्रो संस्थागत कमजोरी र क्षयीकरण हुँदै गएको सामाजिक सबलता देख्यौं। एउटा नयाँ युवा ऊर्जा प्रस्फुटित भएको छ, तर यो रचनात्मक दिशामा कसरी अगाडि बढ्छ र बढाउने भन्ने अझै पहिल्याउन हामीले सकेका छैनौं ।

विश्वको शक्ति समीकरण बदलिरहेको यो समयमा स्थिरता र सार्वभौमसत्ताको नाममा जति जे जोगिएको छ, त्यसको भविष्य पनि अनिश्चित नै देखिन्छ। यस्तो संवेदनशील घडीमा हामीलाई समभाव, विवेक, दूरदर्शिता, इमानदार प्रतिबद्धता र मौलिक परिकल्पनाका साथै धेरैभन्दा धेरै अनुशासन र मेहनतको खाँचो छ। यो यात्रामा हामीलाई चाहिने नेतृत्व हीनताबोधबाट निर्देशित बालसुलभ दम्भ र भ्रामक महामानवता होइन, बरु यथार्थको धरातलमा टेकेको, परिपक्व र आत्मसचेत अभिभावकत्व हो ।

*(साभार: अनलाइनखबर)*

## मध्यपूर्व तनाव :

# आकासियो तेलको मूल्य, भारतको आपूर्ति शृंखला बिग्रिए नेपालमा के हुन्छ ?

काठमाडौं/अमेरिका र इजरायलले २८ फेब्रुअरीमा इरानमाथि गरेको संयुक्त सैन्य कारबाहीपछि विश्व भूराजनीति र अर्थतन्त्रमा ठूलो हलचल मच्चिएको छ । इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी मारिएको र इरानका आणविक भट्टीहरूमा गम्भीर क्षति पुगेसँगै मध्यपूर्वको तनाव उत्कर्षमा पुगेको छ ।




घटनाको ४८ घण्टा नबित्दै यसको प्रत्यक्ष असर विश्वव्यापी ऊर्जा बजारमा देखिन थालेको छ, जसले नेपाल र भारतजस्ता तेल आयातमा निर्भर देशहरूको अर्थतन्त्र झकझक्याउने संकेत गरेको छ । युद्ध सुरु भएसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा अप्रत्याशित वृद्धि देखिएको छ । केही दिनअघिसम्म प्रतिब्यारेल ७२ अमेरिकी डलर हाराहारी रहेको ब्रेन्ट क्रुडको मूल्य ह्वात्तै बढेर ८४ डलर बिन्दु नजिक पुगेको छ भने अमेरिकी डब्लूटीआई क्रूड पनि ७७ डलर नाघेको छ ।

बीबीसीका अनुसार एक इरानी अधिकारीले 'स्ट्रेट अफ हर्मुज' मा देखिने जुनसुकै पानीजहाजमा पनि 'आगो लगाइदिने' धम्की दिएका छन् । स्ट्रेट अफ हर्मुज पेट्रोलियम पदार्थ ढुवानीमा प्रयोग गरिने एउटा महत्त्वपूर्ण मार्ग हो ।

विश्वको २० प्रतिशत तेल आपूर्ति हुने प्रमुख मार्ग स्ट्रेट अफ हर्मुजमा अवरोध सिर्जना भए तेलको मूल्यले १ सय डलर आँकडा पार गर्ने र विश्वव्यापी आपूर्ति शृंखला नै ध्वस्त हुन सक्ने चेतावनी विश्लेषकहरूले दिएका छन् । युद्ध क्षेत्रबाट गुज्रने जहाजहरूको बीमा शुल्क आकासिएकाले अब तेलमात्र होइन, समुद्री मार्गबाट हुने सम्पूर्ण आयात-निर्यात महँगो पर्ने निश्चित जस्तै भएको छ ।

मध्यपूर्वमा बढ्दो तनावबीच आफ्नो ऊर्जा केन्द्रमा भएको ड्रोन हमलापछि विश्वको दोस्रो ठूलो तरल प्राकृतिक ग्यास (एलएनजी) निर्यातक देश कतारले उत्पादन रोकेको छ । जसले युरोप र एसियामा ग्यास मूल्यमा एकैदिन ५० प्रतिशतसम्मको ऐतिहासिक वृद्धि गराएको छ ।

सरकारी स्वामित्वको कम्पनी कतार इनर्जीले विज्ञप्ति जारी गर्दै रास लफान र मेसाइद औद्योगिक सहरमा रहेका आफ्ना उत्पादन केन्द्रहरूमा भएको सैन्य हमलाका कारण एलएनजी र अन्य सम्बन्धित उत्पादन अनिश्चितकालका लागि बन्द गरिएको जनाएको छ । विश्वको करिब २० प्रतिशत एलएनजी आपूर्ति गर्ने कतारको यो कदमले विश्वव्यापी आपूर्ति श्रृंखलामा गम्भीर संकट निम्त्याएको छ ।

**भारत हुँदै नेपालमा पर्ने "दोहोरो मार"**

विश्वको तेस्रो ठूलो तेल आयातकर्ता राष्ट्र भारतमा यसको गहिरो प्रभाव पर्ने देखिए पनि आम उपभोक्ताका लागि भने तत्कालै मूल्य बढाइएको छैन । यद्यपि, भारतले आफ्नो आवश्यकताको ८८ प्रतिशत तेल आयात गर्ने हुँदा विश्व बजारमा बढेको कच्चा तेलको मूल्यले भारतको व्यापार घाटा र विदेशी मुद्रा सञ्चितिमा ठूलो चाप पार्ने छ ।

आफ्नो विशाल बजारको माग धान्न दैनिक ५५ देखि ५६ लाख ब्यारेल तेल खपत गर्ने भारतले मुख्यगरी रुस, इराक र साउदी अरबबाट कच्चा तेल भित्र्याउँछ । पछिल्लो समय भारतको कुल आयातमा रुसको हिस्सा मात्रै ३५ देखि ४० प्रतिशत पुगेको छ । भारत 'मध्यपूर्वको पासो' बाट पूर्णत: मुक्त भइसकेको छैन । भारतले भित्र्याउने कुल कच्चा तेलमा मध्यपूर्व (विशेषगरी इराक, साउदी अरब र यूएई) को हिस्सा अहिले पनि ४४ देखि ४६ प्रतिशत हाराहारी छ, जुन कुल आयातको झन्डै आधा हो ।

इरान-इजरायल युद्धको केन्द्रबिन्दु र इरानले बन्द गर्ने चेतावनी दिएको स्ट्रेट अफ हर्मुज नाका यही ४५ प्रतिशत तेल आउने मुख्य बाटो हो । रुसको आडमा भारत सुरक्षित देखिए पनि युद्ध चर्किएर मध्यपूर्वको आपूर्ति शृंखला टुट्दा भारतको आधा इन्धन रोकिने खतरा जीवितै छ । भारत केवल तेलको उपभोक्ता मात्र होइन, यो एसियाकै एक शक्तिशाली 'तेल प्रशोधन केन्द्र' पनि हो । जामनगर स्थित रिलायन्स जस्ता विश्वकै ठूला रिफाइनरीहरूको बलमा भारतले कच्चा तेल प्रशोधन गरी डिजेल, पेट्रोल र हवाई इन्धन विश्व बजारमा बेच्दै आएको छ ।

सन् २०२५ मा मात्रै भारतले दैनिक १२ लाख ८० हजार (१.२८ मिलियन) ब्यारेल प्रशोधित तेल निर्यात गरेर नयाँ रेकर्ड कायम गरेको थियो । भारतबाट निर्यात हुने यो तेलको ठूलो हिस्सा नेदरल्यान्ड्स हुँदै युरोपभरि पुग्छ भने सिंगापुर र यूएईलाई 'रि-एक्स्पोर्ट' हबका रूपमा प्रयोग गरिन्छ । साथै, अमेरिका र अस्ट्रेलिया जस्ता शक्तिराष्ट्रहरूले समेत भारतबाटै डिजेल र हवाई इन्धन खरिद गर्ने गरेका छन् ।

**भारतबाट कति आउँछ पेट्रोलियम ?**

यही विश्वव्यापी व्यापार सञ्जालको एउटा सानो तर पूर्णत: परनिर्भर हिस्सेदार नेपाल हो । भारतको कुल निर्यातको नगण्य हिस्सा ओगटे पनि नेपालको भने शतप्रतिशत इन्धन भारतबाटै आउँछ । चालु आर्थिक वर्ष सात महिनामा नेपालले १ खर्ब ८० अर्ब ७४ करोड रुपैयाँ बराबर पेट्रोलियम पदार्थ आयात गरेको छ । गत आव २०८१/८२ मा २ खर्ब ७४ अर्ब २७ करोड ६० लाख ८५ हजार रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ । अघिल्लो आव २०८०/८१ मा २ खर्ब ८८ अर्ब ४७ करोड ७८ लाख १ हजारको पेट्रोलियम पदार्थ आयात भएको थियो ।

भारतले कच्चा तेल ल्याएर प्रशोधन गरी विश्व बजारमा बेच्ने विशाल चक्रभित्र नेपाल उसको एक नियमित र पूर्णत: आश्रित ग्राहकका रूपमा बाँधिएको छ । भारतसँग पूर्णरूपमा खुला सिमाना र आर्थिक परनिर्भरता रहेको नेपालका लागि भने यो युद्धको असर 'दोहोरो मार' का रूपमा देखिने खतरा छ ।

**नेपालमा पेट्रोलियम मूल्य बढ्ला ?**

नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट प्रशोधित तेल खरिद गर्ने हुँदा विश्व बजारमा बढेको कच्चा तेलको भार आईओसीले नेपाललाई पठाउने आगामी नयाँ मूल्यसूचीमा समावेश गर्न सक्ने सम्भावना छ । निगमले हरेक १५ दिनमा मूल्य समायोजन गर्ने गरेको छ र मार्च १६ (चैत सुरुवात) तिर आउने नयाँ सूचीमा मूल्य बढेर आउन सक्छ ।

यसका साथै कच्चा तेल महँगो हुँदा भारतबाट डलरको माग बढ्ने र त्यसले भारतीय रुपैयाँ कमजोर हुँदा नेपाली मुद्रा पनि डलरको तुलनामा कमजोर हुने जोखिम रहन्छ । महँगो डलरमा महँगो तेल किन्नुपर्दा नेपाल आयल निगमको घाटा चुलिने र त्यसको प्रत्यक्ष भार उपभोक्ताको टाउकोमा पर्ने देखिन्छ ।

**विज्ञको चेतावनी : पूर्वतयारी शून्य, जोखिम उच्च**

मध्यपूर्वको अस्थिरता, विशेषगरी इरान र कतारबीचको हर्मुज स्ट्रेटमा देखिएको तनावले नेपालको आपूर्ति प्रणालीमा असर पार्ने चेतावनी विज्ञले दिएका छन् । पूर्ववाणिज्य तथा आपूर्ति सचिव पुरुषोत्तम ओझाले नेपाल पेट्रोलियम पदार्थका लागि पूर्णरूपमा भारतमा निर्भर रहेको र भारतको आपूर्ति पनि अन्तर्राष्ट्रिय बजारमा निर्भर हुने भएकाले नेपाल उच्च जोखिममा रहेको विश्लेषण गरेका छन् ।

'हामी पूरै भारतमा निर्भर छौं, भारतमा संकट पर्‍यो भने हाम्रो आपूर्ति स्रोत नै भारत भएको हुनाले हामीलाई त्यसको असर पक्कै पनि पर्छ,' ओझाले भने, 'एउटा त मूल्य बढ्ने पनि निश्चित छ र अर्को कुरो मूल्य बढेसँगै आपूर्तिमा चाहिँ अवरोध आउने पनि देखिएको छ ।'

पेट्रोलियम पदार्थको मूल्य बढ्ने बित्तिकै त्यसले बजारमा श्रृंखलाबद्ध असर पार्ने उनको भनाइ छ । इन्धन महँगो हुनासाथ ढुवानी भाडा बढ्छ, जसले गर्दा खाद्यान्न लगायत दैनिक उपभोग्य वस्तुको मूल्य स्वत: आकासिन्छ । 'यो संकटले नेपालजस्तो कमजोर अर्थतन्त्र भएको मुलुकलाई र विशेषगरी तल्लो वर्गलाई धेरै मार पर्ने देखिन्छ,' ओझाले भने ।

यस्तो संकट आउन सक्ने पूर्वानुमान हुँदाहुँदै सरकारले पूर्वतयारी नगरेकोमा उनले असन्तुष्टि जनाए । ९० दिनसम्म इन्धन भण्डारण गर्ने क्षमता बनाउने योजना वर्षौंदेखि अलपत्र परेको उनको भनाइ छ । 'भण्डारण सुविधा ९० दिनको बनाउने भनेर धेरै पहिलेदेखि कुरा गरिराखेको, सुझाव पनि दिइराखेको तर त्यो बढाउनेतिर खासै काम पनि भएन,' उनले भने, 'यदि उक्त भण्डारण गृह बनेको भए यस्तो संकटको समयमा केही राहत मिल्ने थियो ।'

**आत्तिनु पर्दैन, आपूर्ति सहज छ : आयल निगम**

मध्यपूर्वमा देखिएको तनाव र त्यसले अन्तर्राष्ट्रिय बजारमा पारेको असरका कारण नेपालमा पेट्रोलियम पदार्थ अभाव वा मूल्यमा ठूलो उथलपुथल भइहाल्ने अवस्था नरहेको आयल निगमले जनाएको छ । निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले अन्तर्राष्ट्रिय घटनाक्रमले मूल्यमा सामान्य प्रभाव पारे पनि आम उपभोक्ता आत्तिनुपर्ने स्थिति नरहेको दाबी गरे ।

'निगमसँग २० अर्बको मूल्य स्थिरीकरण कोष छ, सानोतिनो मूल्यवृद्धि त्यसले पनि थेग्छ,' उनले भने, 'हामीसँग भारतसँग पाँच वर्षको सम्झौता छ, त्यसैले आपूर्ति नै रोकिने अवस्था आउँदैन ।' संकट गहिरिए सरकारले कर घटाएर पनि उपभोक्तालाई राहत दिन सक्ने अन्तिम विकल्प रहेको उनको भनाइ छ । 'एक लिटर पेट्रोलमा ६२ रुपैयाँ कर छ, यस्तो बेला सरकारले केही रुपैयाँ राहत दिन सक्नुपर्छ र त्यसका लागि हामी प्रस्ताव गर्छौं,' उनले थपे ।

उनले यस्तो अवस्थामा उपभोक्ताले संयमता अपनाउनुपर्नेमा उनको जोड छ । 'देश संकटमा भएका बेला एकअर्काले त्याग गर्ने हो, यस्तो बेला अनावश्यक सञ्चय गर्ने प्रवृत्तिले झन् समस्या निम्त्याउँछ,' उनले भने । नेपालको हालको भण्डारण क्षमता पूरै आपूर्ति रोकिँदा समेत १० दिनको माग धान्न सक्ने अवस्थामा रहेको निगमको दाबी छ । नेपालको कुल वार्षिक पेट्रोलियम खपत भारतको एक दिनको खपत बराबर मात्रै हो । नेपालमा दैनिक करिब २ हजारदेखि २ हजार ५ सय किलोलिटर पेट्रोल र ४ हजार किलोलिटर डिजेल खपत हुने गरेको छ ।

**भारतसाग दीर्घकालीन सम्झौता छ, समस्या हुँदैन : कार्यकारी निर्देशक भट्ट**

आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले पनि भारतसँग नेपालको दीर्घकालीन सम्झौता र भारतकै बलियो भण्डारण क्षमताका कारण उपभोक्ताले अभाव झेल्नु नपर्ने दाबी गरेका छन् । 'भारतसँग तीन महिनाका लागि कच्चा तेल (क्रुड) मौज्दात छ, त्यसैले भारतलाई नै तीन महिनासम्म कुनै असर पर्दैन,' उनले भने, 'हाम्रो त आईओसीसँग २०२७ सम्मको सम्झौता छ, त्यसैले आपूर्तिमा कुनै पनि फरक पर्दैन ।'

पेट्रोलियम पदार्थको मूल्य निर्धारण नेपाल वा भारतले नभई अन्तर्राष्ट्रिय बजारले गर्ने उनको भनाइ छ । 'मूल्य भारतले तय गर्ने होइन, यो अन्तर्राष्ट्रिय एजेन्सीले गर्ने हो,' उनले भने, 'त्यसै अनुसार आईओसीले हामीसँग असुल गर्ने मात्र हो ।' यही कारण अन्तर्राष्ट्रिय बजारमा हुने घटबढको असर मूल्यमा देखिनु स्वाभाविक भएको उनको भनाइ छ ।

उनले आपूर्तिको मात्रा र मूल्य फरक विषय भएको उल्लेख गर्दै परिमाणका हिसाबले भारत र नेपालमा कुनै फरक नपर्ने तर्क गरे । उनका अनुसार नेपालमा इन्धन भण्डारण नभई निरन्तर आपूर्ति हुने प्रणाली रहेको हुँदा अहिले नै कुनै तनाव लिनुपर्ने अवस्था छैन । 'हाम्रो प्रणाली भनेको धाराबाट पानी आएजस्तै हो, निरन्तर आइराख्छ, भण्डारण भन्ने नै हुँदैन,' उनले भने ।

**भण्डारण अभाव : नेपालको कमजोर कडी**

आयल निगममले समस्या नहुने दाबी गरिरहे पनि विगतका नाकाबन्दी र अन्तर्राष्ट्रिय द्वन्द्वहरूबाट पाठ सिक्दै पर्याप्त इन्धन भण्डारण गृह निर्माण गर्न नसक्नु नेपालको सबैभन्दा ठूलो कमजोरी बनेको छ । नेपालमा नुनदेखि सुनसम्म र खाद्यान्नदेखि लत्ताकपडासम्म सबै वस्तु डिजेलबाट चल्ने मालवाहक सवारीसाधन मार्फत नै ढुवानी हुन्छन् । तसर्थ, डिजेलको मूल्यमा सामान्य वृद्धि हुँदा पनि ढुवानी भाडा बढ्ने र त्यसले समग्र बजार भाउ बढाउने निश्चित छ ।

यो द्वन्द्व लम्बिएर अन्तर्राष्ट्रिय बजारमा तेल अभाव भयो र आईओसीले नेपालमा आपूर्ति गर्न सकेन भने त्यसको सिधा असर सडक यातायातमा मात्र सीमित रहने छैन । यसले निर्माण, उद्योग र कृषि क्षेत्रलाई तत्कालै निष्क्रिय बनाउने छ भने खाद्यान्न ढुवानी र वितरण प्रणाली नै बिग्रिने छ । साथै, कच्चा तेलको मूल्यमा अत्यधिक वृद्धि हुँदै गएको अवस्थामा पनि नेपालको अर्थतन्त्रमा त्यसको मूल्य भारी पर्न सक्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'तुम्बाड २'मा देखिँदै नवाजुद्दीन सिद्दीकी



काठमाडौं/सन् २०१८ को कल्ट क्लासिक फिल्म 'तुम्बाड'को यस वर्ष सिक्वेल निर्माण हुँदैछ । बलियो दृश्यभाषामार्फत पहिलो भागले गहिरो प्रभाव छाडेकाले 'तुम्बाड २'प्रति दर्शकमा ठूलो अपेक्षा देखिएको छ । अब यो फिल्मको प्रतीक्षामा बसेका दर्शकका लागि एउटा खुसीको खबर आएको छ । यसमा बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकीको प्रवेश भएको छ ।

फिल्ममा नवाजुद्दीन अनुबन्धित भएको जानकारी स्वयं निर्माताले सामाजिक सञ्जालमार्फत दिएका छन् । नवाजुद्दीनलाई 'तुम्बाड' युनिभर्समा जोड्नु निर्माताको ठूलो सृजनात्मक निर्णय मानिएको छ । तर, उनको भूमिकाबारे कुनै जानकारी दिइएको छैन । फिल्म निकट स्रोतका अनुसार उनको भूमिकाले कथाको मनोवैज्ञानिक र भावनात्मक टोनलाई अझ गहिरो बनाउनेछ ।

'तुम्बाड २'मा अभिनय गर्ने पक्का भएसँगै नवाजुद्दीनले यसको हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेका छन् । उनले भनेका छन्, 'म 'तुम्बाड'को मौलिकता र यसको डार्क माहोलको सधैं प्रशंसक हुँ । जब सोहम शाह (निर्माता)ले मलाई सिक्वेलको भिजन सुनाउनुभयो, कथा तुरुन्तै मन पर्‍यो । यो अत्यन्तै इमर्सिभ र लगनशील परियोजना हो, जसको हिस्सा बन्न पाएकोमा खुसी छु ।'

करिब १५ करोड भारुमा बनेको 'तुम्बाड'ले आफ्नो पहिलो प्रदर्शन र सन् २०२४ को पुन: प्रदर्शनसहित भारतमा मात्र कुल ५३ करोड ४६ लाख भारु ग्रस कमाइ गरेको थियो ।

यो पुन: प्रदर्शनमा सर्वाधिक कमाइ गर्ने पहिलो भारतीय फिल्म समेत हो । यसले रि-रिलिजमा ३० करोड ५० लाख भारु कमाएको थियो । यो फिल्मको भेनिस फेस्टिभलमा प्रिमियर समेत भएको थियो ।

# 'हामी तीन भाइ'को टिजरमा दाजुभाइको मित्रता र मनमुटावको कथा



काठमाडौं/राम नवमीको अवसर पारेर चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हामी तीन भाइ'को टिजर सार्वजनिक गरिएको छ । सोमबार फागु पूर्णिमा (होली)को अवसर पारेर दर्शकमाझ ल्याइएको टिजरले फिल्मको कथावस्तुबारे संक्षिप्तमा प्रकाश पारेको छ । तीनजना दाजुभाइको आपसी मित्रता र विवाहपछि उत्पन्न हुने मनमुटावलाई टिजरमा देखाइएको छ ।

मधुसुदन भट्टराईको निर्देशनमा तयार भएको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाह्नवी बस्नेत, फलित राई, र राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा, पवन केसी, विरेन श्रेष्ठ लगायतका कलाकारहरूले अभिनय गरेका छन् ।

यो फिल्मका निर्माताहरू त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ हुन् । यसमा विक्रम तामाङ कार्यकारी निर्माता तथा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे सह-निर्मातामा छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा शिवम् अधिकारीको लेखन, शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन तथा साप शक्ति र बाबुल गिरीको संगीत छ ।

# केकीको आग्रह : 'यसपटक मत दिंदा सहिदहरूलाई सम्झियौं'

काठमाडौं/अभिनेत्री केकी अधिकारीले यसपटकको होली नेपालीहरूका लागि खास रहेको बताएकी छन् । सोमबार परिवारसँग होली मनाएको एक तस्वीर सामाजिक सञ्जालमा पोस्ट गर्दै उनले असत्यमाथि सत्यको जित भन्ने कुरालाई कुनै दन्त्य कथा र मिथकमा मात्र सीमित हुन नदिन यसपटक तमाम सहिदहरू र नेपाल आमालाई सम्झिएर मतदान गर्न आग्रह गरेकी छन् ।

उनले फेसबुकमा लेखेकी छन्, 'यसपटक आफ्नो अमूल्य मत दिँदै गर्दा तमाम सहिदहरूलाई एकपटक फेरि सम्झियौं, घरमा भएका हाम्रा हजुरबुबा-हजुरआमा र आमा-बाबाको निराशालाई सम्झियौं, हामीले देखेका सपानाहरूलाई सम्झियौं, विदेशिनुपरेको बाध्यतालाई सम्झियौं, स-साना बालबालिकाका भविष्यलाई सम्झियौं, नेपाल आमालाई सम्झियौं ।

काठमाडौं क्षेत्र नम्बर ३ की मतदाता रहेकी उनले यो निर्वाचनबाट असत्य र अन्यायमाथि सत्य र न्यायको जित हुने विश्वास व्यक्त गरेकी छन् । उनी अगाडि लेख्छिन्, 'सुशासन र स्थिरता कायम हुन सकोस् । यो होली अनि यसपछिका आउने दिनहरू हामी सम्पूर्ण नेपालीहरूका लागि सोचेजस्तै बन्न सकोस् । होलीको सम्पूर्ण नेपालीहरूमा रंगीन विवेकको कामना ।'

सामाजिक र राजनीतिक विषयमा आफ्नो स्पष्ट धारणा राख्ने अभिनेत्रीको रूपमा चिनिएकी केकीले केही समयअघि 'प्रश्नबाट कोही पनि नभागौं' भन्दै भावी प्रधानमन्त्रीका आकांक्षीहरू एमालेका केपी शर्मा ओली, कांग्रेसका गगन थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन शाहलाई ठोस नीति, योजना र कार्यक्रमसहित साझा बहसका लागि आह्वान समेत गरेकी थिइन् ।

# मध्यपूर्व तनाव: युद्धग्रस्त भूमिमा फोटो-भिडियो मोहले जोखिममा नेपाली

काठमाडौं/केही दिनअघि दुबई प्रहरीले चेतावनी दिएको भिडियो सार्वजनिक भयो । धेरैको भिडभाडमा दुबई प्रहरीका एक अधिकारीले फोटो तथा भिडियो नखिच्न, सामाजिक सञ्जालमा नहाल्न चेतावनी दिएका थिए । इरानले प्रहार गरेको मिसाइलको 'फलिङ डेब्रिस' को फोटो तथा भिडियो खिच्न जम्मा भएको भीडलाई लक्षित गर्दै प्रहरी अधिकारीले उक्त खालको चेतावनी दिएका थिए ।

'गलत कुराको भिडियो नबनाउनुहोस् । यस्तो कुरामा जो पनि माहिर छन्, जे पनि हुन्छ भिडियो बनाउन लागिहाल्छन् । गलत भिडियो बनाएर सामाजिक सञ्जालमा हाल्छन् । यो तपाईंहरूको लागि फाइदा हुँदैन,' दुबई प्रहरीले बोलेको भिडियोमा भनिएको छ, 'यसले तपाईंहरूलाई नै घाटा हुन्छ ।' त्यसैले अरूले पनि त्यस्ता भिडियो बनाएका भए म्यासेज गरेर डिलिट गर्न सुझाव दिन प्रहरीले सुझाइरहेका छन् । 'यसले कसैलाई पनि फाइदा हुँदैन । त्यसको इनामको रूपमा रिपोर्ट मिल्छ', दुबई प्रहरीले अगाडि भनेको छ ।

इजरायल-अमेरिका र इरानबिचको मिसाइल आक्रमणपछि सामाजिक सञ्जालमा अफवाह फैलाउन क्रम बढ्दो क्रममा छ । फेक फोटो तथा भिडियो बनाउने र सामाजिक सञ्जालमा हाल्ने क्रम बढेसँगै यूएई, कतार, साउदी अरबियालगायतका देशले कडाइ गरेका छन् । दुबई प्रहरीले त त्यस्ता फोटो तथा भिडियो बनाएर सामाजिक सञ्जालमा हालेको खण्डमा रिपोर्ट गर्ने चेतावनी नै दिएको छ । युद्ध चर्किरहेका बेला ती देशमा बस्ने नेपालीहरू फोटो-भिडियो बनाएर सामाजिक सञ्जालमा हाल्ने क्रम बढ्दो छ । इरानबाट प्रहार भएको मिसाइल खसेको ठाउँमा जाने र फोटो तथा भिडियो खिच्ने गरेका छन् ।

सम्बन्धित देशमा रहेको नेपाली दूतावासले समेत त्यस्तो नगर्न अनुरोध गर्दै आएको छ । तरपनि त्यस्ता खालका घटना बढिरहेकोतर्फ नेपाल सरकारले समेत सचेत गराएको छ । परराष्ट्र मन्त्रालयले पत्रकार सम्मेलन गर्दै अफवाह फैलाउन तथा गलत फोटो भिडियो सार्वजनिक नगर्न अनुरोध गरेको छ । परराष्ट्र मन्त्रालयका सहसचिव रामकाजी खड्काले त्यस्ता खालका फोटो भिडियो नखिच्न अनुरोध गरे ।

'एआईको जमाना छ, कन्टेन्ट क्रिएसनहरू सजिलो हुँदै गएका छन् र अफवाहहरू फैलिन सक्ने प्रबल सम्भावना पनि छ र केही फैलिसकेको अवस्था पनि छ,' सहसचिव खड्काले भने, 'हुँदै नभएको कुराहरू देखाइदिने र १७ लाख प्लस नेपालीहरू भएको ठाउँमा कुनै एउटा सानो कुरा हुँदै नभएको कुरा देखिँदा परिवारलाई र समग्र हामी सबैलाई चिन्ता पर्नु स्वाभाविक छ ।'

यस्तो अवस्थामा सत्य तथ्य जानकारी सम्प्रेषण गर्नु अति नै महत्त्वपूर्ण हुने उनले बताए । ती क्षेत्रमा रहेका नेपाली संयमित रहन, सजग रहन र सुरक्षित रहनका लागि उनले अनुरोध गरे । 'जुन त्यो फलिङ डेब्रिसको नजिकै गएर अथवा कुनै त्यस्तो संवेदनशील ठाउँमा बाहिर ननिस्कन भनेको ठाउँमा बाहिर निस्केर जोखिम मोलेर कन्टेन्ट क्रिएट गर्नु त्यो निकै जोखिमपूर्ण हुन्छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरका ८ मतदान केन्द्रमा छिमेकी जिल्लाको सडक प्रयोग हुने

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरका आठ मतदान केन्द्रमा सीधै सडकपहुँच नपुगेका कारण निर्वाचन सामग्री ढुवानी तथा मतदानपछि मतपेटिका संकलनका लागि छिमेकी जिल्लाको सडक प्रयोग गर्नुपर्ने भएको छ ।

बकैया गाउँपालिकाको ३ र राक्सिराङ गाउँपालिकाको ५ मतदान केन्द्रमा मकवानपुरबाट बाटो नहुँदा छिमेकी जिल्ला रौतहट, बारा र चितवनको सडकमार्ग प्रयोग गर्नुपर्ने भएको हो । प्रदेश निर्वाचन कार्यालय हेटौडाका अनुसार मकवानपुर क्षेत्र नम्बर १ अन्तर्गत पर्ने बकैया गाउँपालिकाको तीन मतदान केन्द्रका मतपेटिका बारा र रौतहट हुँदै मतगणनास्थल निर्वाचन अधिकृतको कार्यालय हेटौडा ल्याइनेछ ।



बकैया-१ स्थित सरस्वती माध्यमिक विद्यालय मोरङे र वडा नम्बर-२ को बालविकास निमावि सरस्वती भमरा मतदान केन्द्रका मतपेटिका रौतहटको चद्रपुर हुँदै ल्याइनेछ भने बकैया-६ स्थित राष्ट्रिय कालिका प्राथमिक विद्यालयको मतपेटिका निजगढ, बारा हुँदै ल्याइने प्रदेश निर्वाचन अधिकारी हरि ढकालले जानकारी दिएका छन् । त्यसैगरी, क्षेत्र नम्बर २ अन्तर्गत पर्ने राक्सिराङ गाउँपालिकाको चार मतदान केन्द्रका मतपेटिका चितवन हुँदै ल्याइनेछ । वडा नम्बर-६ का राष्ट्रिय माध्यमिक विद्यालय सिलिङे र आयुर्वेद औषधालय सिलाधुनी, वडा नम्बर-७ को सातकन्या आधारभूत विद्यालय र दाम्राङ प्राथमिक विद्यालय र वडा नम्बर ८ स्थित ठूलो टोड्केमावी मतदान केन्द्रका मतपेटिका चितवनको राप्ती नगर पालिका-भण्डारा हुँदै मतगणनास्थल ल्याइनेछ ।

अन्य जिल्ला हुँदै मतपेटिका ल्याउनुपर्ने भएपनि मतदानकै दिन मतगणनास्थल ल्याउने व्यवस्था मिलाइएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । अन्तर जिल्ला सडक प्रयोग गर्नुपर्ने भएकाले सम्भावित सुरक्षा जोखिमलाई ध्यानमा राखी सम्बन्धित जिल्लाका सुरक्षा निकायसँग समन्वय गरिएको जिल्ला प्रशासन कार्यालय मक्वानपुरले जनाएको छ । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार जोखिम न्यूनीकरणका लागि सुरक्षा प्रमुखहरुसँग छलफल गरी आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको छ ।

# २०८३ सालमा हुने सार्वजनिक बिदाको सूची सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ सरकारले वि.सं २०८३ सालभरिको सार्वजनिक बिदा तय गरेको छ । गत फागुन १३ गते बसेको मन्त्रि परिषद् बैठकले बिदाका सम्बन्धमा निर्णय गरेको थियो ।

सरकारले यो निर्णयलाई राजपत्रमा प्रकाशित गरेको छ । आगामी २०८३ वैशाख १ देखि चैत मसान्तसम्मका लागि बिदा र कार्यालय समय निर्धारण गरिएको हो । यो नियम सबै सरकारी कार्यालय र सार्वजनिक निकायमा लागू हुनेछ । 'नेपाल सरकारले विक्रम संवत २०८३ साल वैशाख १ देखि चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ,' राजपत्रमा भनिएको छ ।

मन्त्रिपरिषद्ले फागुन १३ गते नै बिदाको सूचीलाई अन्तिमरुप दिएको थियो । अहिले सोही निर्णयलाई आधिकारिक जानकारीका रुपमा राजपत्रमा ल्याइएको हो । यसमा वर्षभरि हुने विभिन्न चाडपर्वका बिदा समेटिएका छन् । साथै सट्टाबिदा र कार्यालय सञ्चालन हुने समयको समेत टुंगो लगाइएको छ । नयाँवर्ष सुरु हुनुअगावै सरकारले यस्तो तालिका सार्वजनिक गर्ने गरेको छ । यसपालि पनि सरकारले आगामी वर्षको कार्यतालिका समयमै बाहिर ल्याएको हो । यो निर्णयअनुसार देशभरका सार्वजनिक निकायले कार्यतालिका बनाउनुपर्ने हुन्छ । राजपत्रमा प्रकाशित विवरण नै बिदाको आधिकारिक आधार हुनेछ ।

सरकारले कार्यालय समयमा पनि आवश्यक व्यवस्था गरेको छ । वर्षभरिको बिदा र कार्यालय खुल्ने समय यसै सूचनाअनुसार हुनेछ । सबै सरकारी संयन्त्रले यही निर्णयलाई पालना गर्नुपर्ने गरी राजपत्रमा सूचना जारी गरिएको छ ।

# ऋृषेश्वर/छ्युमिग झ्याङछुप क्षेत्रमा फागुपूर्णिमामा मेला



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ थाहा नगरपालिकास्थित ऋृषेश्वर/छ्युमिग झ्याङछुप क्षेत्रमा फागु पूर्णिमाको अवसरमा धार्मिक मेला सम्पन्न भएको छ ।

मेलामा श्रद्धालु भक्तजनको उल्लेख्य उपस्थिति रहेको थियो । मेलाको क्रममा कुल २२ हजार ९४० भेटी संकलन भएको ऋृषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोदकुमार लामाले जानकारी दिएका छन् ।

लामाका अनुसार भक्तजनको उत्साहजनक सहभागिताले क्षेत्रको धार्मिक महत्व झन् उजागर गरेको छ । मेलालाई व्यवस्थित र सुरक्षित बनाउन थाहा नगरपालिका, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा स्थानीय स्वयम् सेवक युवाको सक्रिय सहयोग रहेको थियो ।

क्षेत्र विकास समितिका अनुसार १० हजार भक्तजनले मेला अवलोकन गरेको जानकारी दिदै अध्यक्ष लामाले मेलामा पाल्नुभएका सम्पूर्ण भक्तजन तथा व्यवस्थापनमा सहयोग गर्ने सबै पक्षप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै साथ र सहयोगको अपेक्षा रहेको बताए ।

# द्रूतमार्गअन्तर्गत सुरुङमा मजदुर घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ निर्माणाधीन काठमाडौं-तराई/मधेश द्रूतमार्गअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-८, महादेवटार स्थित सुरुङमा खटिएका मजदुर घाइते भएका छन् ।

आइतबार बिहान साढे ११ बजेको समयमा सुरुङभित्र निर्माणकार्य गर्दै गरेका कञ्चनपुर को लालझाडी गाउँपालिका-२, कन्जका ३४ वर्षीय राममिलन राना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

२० मिटर माथिबाट तल खसेर घाइते भएका रानालाई उपचारका लागि हेटौंडास्थित चुरेहिल अस्पतालमा ल्याइएको छ । रानाको मेरुदण्डमा भित्रि चोट भएको र अवस्था मध्यम रहेको प्रहरीले उल्लेख गरेको छ ।

# मतदानका दिन सवारी पासको दुरुपयोग नगर्न निर्वाचन आयोगको आग्रह

काठमाडौं/निर्वाचन आयोगले सवारी पासको दुरुपयोग गर्दै सम्बन्धित व्यक्तिबाहेक अन्य व्यक्ति ओसारपसार नगरी दिन आग्रह गरेको छ । आयोगले मंगलबार एक विज्ञप्ति जारी गरेर यस्तो अनुरोध गरेको हो ।

'निर्वाचनको समयमा सवारी आवागमन सहजीकरणको गर्ने प्रयोजनका लागि सवारी पास आवश्यक नपर्ने गरी आवश्यक व्यवस्था मिलाउन यस पूर्व गरिएका सिफारिसहरू र यो सिफारिसबमोजिम सवारी पास आवश्यक नपर्ने गरी छुट पाएका सवारी साधनले सम्बन्धित व्यक्तिबाहेक अन्य व्यक्तिहरू ओसारपसार नगर्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ,' आयोगले भनेको छ ।

यस्तै आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जारी गरिएको निषेधित क्षेत्र प्रवेश पास प्राप्त गरेका व्यक्तिलाई घर देखि कार्यालय तथा कार्यालयदेखि घर सम्म जान-आउन पास आवश्यक नपर्ने व्यवस्था मिलाउन समेत सम्बन्धित निकायमा आग्रह गरेको छ । आयोगले नियम विपरीत गरेको पाइए स्थानीय प्रशासनले त्यस्ता सवारीसाधनको सञ्चालनमा रोक लगाउन सक्ने पनि जनाएको छ ।

# आचारसंहिता पालना गर्न कडाइकासाथ निर्देशन



साझाकुरा संवाददाता


हेटौंडा, १९ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मकवानपुरमा खटिने निर्वाचन पर्यवेक्षकका लागि अभिमूखीकरण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा गैरसरकारी संस्था महासंघ मकवानपुरको आयोजनामा कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न संघसंस्थाबाट निर्वाचन अनुगमनका लागि खटिएका पर्यवेक्षकलाई निर्वाचन आचारसंहिता तथा उनीहरुको भूमिकासम्बन्धी जानकारी गराइएको थियो । मकवानपुरबाट इन्सेकसहित २६ वटा गैरसरकारी संस्था (एनजीओ) र ४ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) का प्रतिनिधि ३५ जना पर्यवेक्षक खटिएको गैसस अध्यक्ष रमिला सापकोटाले जानकारी दिइन् ।

कार्यक्रममा अध्यक्ष सापकोटाले निर्वाचन आचार संहितालाई पूर्णरुपमा पालना गर्दै निष्पक्ष र जिम्मेवार ढंगले काम गर्न पर्यवेक्षकलाई आग्रह गरिन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले परिवेक्षकले पालना गर्नुपर्ने नियमबारे स्पष्ट पार्दै विवादरहित र तटस्थ ढंगले अनुगमन गर्न निर्देशन दिए । उनले विगत निर्वाचनका अनुभवहरु साझा गर्दै आगामी दिनमा विशेष सावधानी अपनाउनुपर्ने विषयमा प्रकाश पारे । प्रजिअ अधिकारीले स्वच्छ र निष्पक्ष निर्वाचनका लागि पर्यवेक्षकको भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै आचारसंहिता विपरीत काम गरेको पाइए कानुनी कारबाही गर्न पछि नहट्ने चेतावनी दिए ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी, प्रहरी उपरीक्षक श्यामबहादुर खत्री, गैसस उपाध्यक्ष कुमारी वाइबालगायत निर्वाचनमा खटिने पर्यवेक्षकको उपस्थिति रहेको थियो ।

# चुनावको दिन देशभरका हल बन्द हुने



काठमाडौं/प्रतिनिधि सभा निर्वाचनको दिन देशभरका फिल्म हलहरू बन्द हुने भएका छन् । निर्वाचनलाई सहयोग गर्न र कर्मचारीहरूलाई मतदानको अवसर प्रदान गर्न फागुन २१ गते हलहरू बन्द रहने प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थले जानकारी दिए । उनका अनुसार बुधबार बस्ने संघको बैठकले यसबारे आधिकारिक निर्णय गर्नेछ ।

संघले निर्णय गर्नुभन्दा अघि नै केही हलहरूले सामाजिक सञ्जालमार्फत चुनावको दिन हल बन्द रहने जानकारी गराइसकेका छन् । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले पनि एक सूचना जारी गर्दै कर्मचारीहरूलाई मतदानका लागि प्रोत्साहन गरिएकाले निर्वाचनको दिनसँगै २० र २२ गते पनि केही स्थानका हलहरूको सेवा प्रभावित हुने जनाएको छ ।

चुनावी माहोलका कारण केही दिनयता हलहरूमा दर्शकको उपस्थिति निकै न्यून देखिएको छ । 'आ बाट आमा'बाहेक कुनै फिल्ममा अपेक्षित दर्शक छैनन् । यद्यपि, हलहरूमा फिल्म भने प्रशस्त छन् । अहिले नेपालीतर्फ 'आ बाट आमा'सहित कुमारी', 'प्रवासी जीवन' र 'रमिताको पिरती' प्रदर्शनरत छन् भने विदेशीतर्फ 'ओ रोमियो', 'स्क्रिम ७', 'क्राइम १०१' जस्ता फिल्महरू छन् ।

चुनावपछि फागुन महिनाको अन्तिम फिल्मको रूपमा 'लालिमा' प्रदर्शन हुँदैछ, जसको प्रदर्शन मिति फागुन २९ गतेलाई तोकिएको छ । चैतमा भने 'हामी तीन भाइ', 'राम नाम सत्य' र '३६ को आँकडा' जस्ता फिल्म प्रदर्शन हुँदैछन् । चैत पहिलो साता अर्थात् मार्च १९ मा दक्षिण भारतीय फिल्म 'टक्सिक' र बलिउडको 'धुरन्धर २' पनि प्रदर्शन हुने तयारीमा छन् ।

# निर्वाचनका दिन आन्तरिक उडान नियमित हुने



काठमाडौं/आन्तरिक वायुसेवा कम्पनीहरू नर्वाचनका दिन २१ फागुनमा नियमित उडान सञ्चालन गर्ने भएका छन् ।

यसअघि नेपाल पर्यटन बोर्डले ट्राभल एडभाइजरी जारी गरी चुनावका दिन आन्तरिक उडान नहुने बताएको थियो । सोही अनुसार आन्तरिक वायुसेवा कम्पनीहरूले निर्वाचनका दिन उडान नगर्ने मनस्थितिमा थिए ।

तर, निर्वाचन आयोग र नेपाल नागरिक उड्डयन प्राधिकरणले आन्तरिक वायुसेवाहरूलाई उडान सञ्चालन गर्न अनुरोध गरेपछि चुनावका दिन सामान्य हिसाबमा नियमति उडान हुनेछन् ।

'हामी यात्रु चाप हेरेर चुनावका दिन नियमित उडान गर्ने छौं,' यती एयरलाइन्सका एकाउन्टेबल म्यानेजर युवराजकुमार विष्टले भने, 'हामीले चुनावका दिनका लागि पनि टिकट बुकिङ खुला राखेका छौं । यद्यपि, यात्रु चाप कम भएकाले उडान हुने सम्भावना भने कम छ ।'

# भरुवा बन्दुकसहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको थाहा नगरपालिका-४, धारापानीबाट मकवानपुर प्रहरीले भरुवा बन्दुकसहित दुईजनालाई पक्राउ गरेको छ ।

प्रहरीले थाहा नगर पालिका-४ धारापानी हरिकेसीटोल बाट ५४ वर्षीय कुमार रायमाझी र २७ वर्षीय विक्रम रायमाझीलाई भरुवा बन्दुकसहित पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट अवैध घरेलु भरुवा बन्दुक एकथान, सानो सानो (थोरै/थोरै) पोका पारिएको बारुद, एस्थलिन लेखिएको प्लाष्टिकको डिब्बा भित्र स-सना फलामका टुक्राको छर्राहरु र सलाईको बट्टा, सलाईको काटीहरु बरामद गरेको छ । कुमार रायमाझीको घर खानतलासी गर्दा बन्दुक, बारुद र फलामका छर्रा फेलापरेको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।



बन्दुक विक्रमले राखेको कुमारले प्रहरीलाई बताएपछि प्रहरीले विक्रमलाई पनि पक्राउ गरेका थियो । प्रहरीले कुमारको घरबाट एकथान भरुवा बन्दुक, सानो-सानो पोकामा राखिएको बारुद, फलामका टुक्राको छर्रा र बारुदको भाग निकालिएको सलाई बरामद गरेको इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक रुक्सा बज्राचार्यले जानकारी दिए ।

पक्राउ परेका दुबै जनालाई हातहतियार खर खजानासम्बन्धी कसूरमा मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद थप अनुमती लिई थप अनुसन्धान सुरु गरिएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना